बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- ०८२/०८३
चलानी नं:- 80

मिति:२०८२/०५/११

विषयः निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा।

श्री सम्बन्धित सबै,
सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय ।

प्रस्तुत विषयमा ५९औं अन्तर्राष्ट्रिय साक्षरता दिवस को अवसरमा यस निर्देशनालयले **"डिजीटल युगमा साक्षरताको प्रवर्द्धन "** विषयक माध्यमिक तह (कक्षा ९ -१२) स्तरीय निबन्ध प्रतियोगिता आयोजना गर्न लागेको हुँदा यस प्रदेश भित्रका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय (कक्षा ९-१२) मा अध्ययनरत इच्छुक विद्यार्थीहरूले विद्यालयको सिफारिसका साथ निबन्धलेखि यस निर्देशनालयको इमेल edd.bagamati@gmail.com मा मिति २०८२।०५।१८ भित्र पठाउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै निबन्ध प्रतियोगिताको रूपरेखा यसै पत्र साथ संलग्न छ।

**निबन्ध प्रतियोगिताको रूपरेखा:**

**निबन्धको शीर्षकः**

- **"डिजीटल युगमा साक्षरताको प्रवर्द्धन "( Promoting Literacy in the Digital Era )**

**प्रतियोगिताको सहभागीः**

- बागमती प्रदेश भित्रका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय (कक्षा ९-१२)मा अध्ययनरत छात्रछात्रा

**निबन्धको सिमाः**

- ५०० देखि १००० शब्द हुनुपर्नेछ।

**प्रतियोगितामा सहभागी हुने प्रक्रियाः**

- प्रतियोगितामा सहभागी विद्यार्थीले लेखेको हस्तलिखित निबन्ध सम्बन्धित विद्यालयको प्रधानाध्यापकले विद्यार्थीको नाम थर, ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क नम्बर समेत उल्लेख गरी शिक्षा विकास निर्देशनालयमा सिफारिस गर्ने ।
- विद्यार्थीले लेखेको निबन्ध र विद्यालयको सिफारिस पत्र संलग्न गरी विद्यालयले शिक्षा विकास निर्देशनालयको इमेल edd.bagamati@gmail.com मा पठाउनुपर्नेछ।
- एक विद्यालयबाट एक जना मात्र विद्यार्थी सहभागी हुन पाउने भएकोले विद्यालयले सोही बमोजिम सिफारिस पठाउनुपर्नेछ।

**निबन्ध पठाउने अन्तिम मितिः**

- मिति २०८२।०५।१८ गते साँझ ५ बजे सम्म यस निर्देशनालयको इमेलमा आइपुग्ने गरी पठाउनुपर्ने छ।

**छनौट तथा मुल्याङ्कनः**

- तोकिएको समय सिमाभित्र प्राप्त निबन्धलाई मुल्याङ्कन गर्ने प्रयोजनका लागि शिक्षा विकास निर्देशनालयमा एक विज्ञ सहितको मुल्याङ्कन समिति रहनेछ । मुल्याङ्कन समितिको सिफारिसका आधारमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूलाई भदौ २३ गते **अन्तर्राष्ट्रिय साक्षरता दिवसको** दिन नतिजाको जानकारी गराईनेछ। पुरस्कार वितरण हुने समय र स्थान सहित पुरस्कारको लागि पछि जानकारी गराईनेछ ।

अधिकृतस्तर सातौं

फोन नं. ०५७-५२७१०४ (परीक्षा), ०५७-५२७१०५(सूचना अधिकारी) ०५७-५२७१०६(कार्यालय प्रमुख),
इमेलः edd.bagamati@gmail.com वेवसाइटः edd.bagamati.gov.np